# मिति २०८२ साल श्रावण ०५ गतेको कार्यपालिका बैठकको निर्णयहरु

१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (छ) (१)(२) बमोजिम आ.व. ०८१।०८२ मा सोह्रौ गाउँसभा र सत्रौं हिउँदे गाउँसभाले स्वीकृत गरेको बजेट तथा कार्यक्रमहरुको समिक्षा गरियो । त्यसै गरि आ.व. ०८२।०८३ को लागि गाउँसभाको अठारौं अधिवेशनले स्वीकृत गरेको योजना तथा कार्यक्रमहरु सञ्चालन गर्न उ.स. मार्फत कार्यान्वयन हुने योजनाहरुको मंसिर मसान्त भित्र उ.स. गठन गरि समयमै कार्यतालिका बनाई लागु गर्न सबै वडा कार्यालयहरुलाई लेखि पठाउने ।

२) स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२ दफा ६६ ले दिएको अधिकार प्रयोग गरि विधायन समितिको सचिवालयबाट प्राप्त तपसिल बमोजिमको कार्यविधि स्वीकृत गर्ने ।

क) संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधी, २०८२

३) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको बिभिन्न मितिमा प्राप्त परिपत्रानुसार २०८२ असार मसान्त सम्म सबै स्थानीय तहहरुले आफ्नो स्थानीय तहमा भू-उपयोग (जग्गा बर्गिकरण) योजना बनाई सम्पूर्ण जग्गाहरुको बर्गिकरण गर्नु पर्ने अन्यथा मालपोत र नापीबाट जग्गा सम्बन्धी कुनै किसिमको काम नहुने भन्ने व्यवस्था भए अनुसार गाउँपालिकाको कार्यालयले तयार गरेको भू-उपयोग (जग्गा बर्गिकरण) योजना, २०८२ सर्वसम्मतिले स्वीकृत गर्ने ।

४) गाउँपालिकाले तयार गरेको दलाङ खोला, चिलिमे खोला र ग्रेमुनीको त्रिशुली नदीबाट ठेक्का मार्फत नदिजन्य पदार्थको उत्खनन्, संकलन तथा बिक्री गर्नुपर्ने भएको र सो को लागि माथी उल्लेखित तिन वटै खोला/ नदीको प्रारम्भिक वातावरणिय परिक्षण गरि प्रतिवेदन प्राप्त भएको र उक्त प्रतिवेदन स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

५) आमाछोदिङमो गाउँपालिकाको प्रशासकीय भवनको निर्माण गर्ने प्रस्तावित स्थलको geological and Hydrological study with flood projections रिपोर्ट कार्यपालिकामा पेश भई सबै बिषय जानकारी भएकोले उक्त प्रतिवेदनलाई अनुमोदन गरि जिल्ला प्रशासन कार्यालय रसुवामा पेश गर्ने ।

६) आमाछोदिङमो गाउँपालिकाको स्थानीय दररेट तयार गर्दा रसुवा जिल्लाको दररेट निर्धारण समितिको मिति २०८२।०३।३२ को निर्णयानुसार यस गाउँपालिकाको पूर्वाधार शाखाले जिल्ला दररेटमा बढीमा १० % थप गरि तयार गरेको आमाछोदिङमो गाउँपालिकाको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

७) आमाछोदिङमो गाउँपालिकाको रोजगार सेवा केन्द्रले बेरोजगारहरुको बिवरण प्रणालीमा दर्ता गरि नियमानुसार गर्ने ।

८) नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल ललितपुरको मिति २०८२।०४।०२ को पत्रानुसार मिति २०८२।०४।०७ गते देखि नेपाल सरकारका राजपत्राङ्कित अधिकृत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरुका लागि सञ्चालन हुने Professional Course on Management and Development बिषयक सेवाकालिन तालिममा यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री विकाश शर्मा रिजालको मनोनयन स्वीकृती भएकोले निजलाई उक्त तालीम अवधीभर सहभागी हुन सहमती दिने ।

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेशी, रसुवा
बागमती प्रदेश, नेपाल

ऋषिकेश अधिकारी
नि.प्रमुख प्रशासकीय अधिकृत



CamScanner